## दुग्ध विकास संस्थान
## केन्द्रिय कार्यालय, लैनचौर
## भक्तपुर क्षेत्रको लागी प्रशोधित दूधको ढुवानी सेवा तथा दुग्धजन्य पदार्थ डिष्ट्रिव्युटरसिप सम्बन्धी सूचना
**(प्रथम पटक प्रकाशित मितिः २०८२/०१/०७)**

१. यस **दुग्ध विकास संस्थान (DDC)** मातहतको काठमाडौं दुग्ध वितरण आयोजना बालाजुबाट उत्पादित प्रशोधित दूध तथा विभिन्न दुग्धजन्य पदार्थहरू (दही, पनिर, घिउ, बटर आदि) भक्तपुर तथा ललितपुरका विभिन्न क्षेत्रहरूमा व्यवस्थित रूपमा बिक्री वितरण तथा ढुवानी गरि सम्पूर्ण रकम उठाई ल्याई दैनिक रुपमा तोकिएको बैकमा दाखिला गर्ने, बिक्री पश्चात बजारबाट सम्पूर्ण क्रेट फिर्ता ल्याउने कार्य गर्न कामदार र गाडी सहितको एक बर्षको लागि डिष्ट्रिव्युटर सेवा खरिद गर्नुपर्ने इच्छुक स्थानीय व्यवसायीहरुको लागी यो सूचना प्रकाशन गरिएको छ।

२. प्रस्तावित **वितरण रुटहरूः**

**रुट नं. १:** लोकन्थली (भगवती चोक क्षेत्र)- लोकन्थली-टिकाथली ओरालो (मनहरा पुल क्षेत्र)- टिकाथली (विनायक टोल / खरिबोट क्षेत्र)- महालक्ष्मी नगरपालिका (टिकाथली स्वास्थ्य चौकी क्षेत्र)- टिकाथली - सानागाउँ लिंक रोड-सानागाउँ (लुभु जाने बाटो)

**रुट नं २:** कौशलटार - बालकोट सडक- बालकोट (मुख्य चोक र खरिबोट क्षेत्र)- सिरुटार (अनन्तलिङ्गेश्वर क्षेत्र)- चाङ्गाथली (महालक्ष्मी न.पा.)- लुभु - गाम्चा (अन्तिम विन्दु)

**रुट नं ३:** लोकन्थली उत्तर (मनहरा बस्ती क्षेत्र)- सानोठिमी (शिक्षा मन्त्रालय/कलेज क्षेत्र)- मगर गाउँ (सानोठिमी भित्र)- बोडे (नीलबाराही क्षेत्र)- पुरानो ठिमी (शंखधर चोक)-सल्लाघारी (तीनकुने क्षेत्र)-उमाकुण्ड (उमाकोट - सल्लाघारी उत्तर)

**रुट नं ४:** गट्ठाघर (नागरिक अस्पताल क्षेत्र)- ठिमी (नयाँ ठिमी - चोक क्षेत्र)-सिर्जनानगर- बेशी (चाँगुनारायण जाने बाटो)-कमलविनायक (बसपार्क क्षेत्र)-जगाती (चेकपोष्ट क्षेत्र)- सूर्यविनायक (पाण्डुबजार क्षेत्र)- कटुन्जे (सूर्यविनायक माथिल्लो भेग)- गाम्चा (अन्तिम विन्दु)

३. **आवेदन दिने प्रक्रियाः**

इच्छुक व्यवसायीहरूले यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र संस्थानको केन्द्रिय कार्यालयमा आवश्यक कागजातको साथ उपस्थित भई वा इमेल (ddc.procurement@gmail.com)मार्फत आफ्नो निवेदन दिन सक्नुहुनेछ। थप जानकारीका लागि (९८५११४३९८२) कार्यालय समयमा सिधै सम्पर्क गर्न सकिनेछ।

आवेदन फारम संस्थानको Website: www.ddc.gov.np मा उपलब्ध हुनेछ।

**४. पेश गर्नुपर्ने कागजातहरुः**

- तोकिएको ढाँचामा निवेदन तथा दररेट प्रस्ताव।
- सम्बन्धित व्यवसाय दर्ता (प्यान/भ्याट) भएको प्रमाणपत्रको प्रतिलिपि।
- करचुक्ताको प्रतिलिपी।
- चार पाङ्ग्रे सवारी साधनको ब्लुबुक तथा आवश्यक कागजातको प्रतिलिपी
- सवारी साधन भाडामा लिने भएमा सो को सम्झौता।

५. शर्तहरुः

- एउटा मात्रै रुटको लागि पनि आवेदन हाल्न सकिने।
- संस्थानबाट तकिएको फारम मात्रै आवेदन हाल्न सकिने।
- प्रशोधित दुधको हकमा बिक्री भएको दुधको बुथमेन मुल्य बराबरको रकम संस्थानले तोकेको बैकमा दैनिक रुपमा जम्मा गर्नुपर्नेछ भने निजलाई सो वापत सम्झौता भएनुसार प्रति लि ढुवानीको रकम मासिक रुपमा संस्थानले भुक्तानी गर्ने छ।
- दुग्ध पदार्थको हकमा निजलाई डिष्ट्रिव्युटर रेटमा उपलब्ध गराइनेछ र निजले सो बराबरको रकम संस्थानलाई बुझाउनुपर्ने छ।
- निजले संस्थानले तोकेअनुसारको बैंक ग्यारेण्टी वा नगद धरौटी राखि कारोबार गर्नुपर्नेछः साथै बैंक ग्यारेन्टी भन्दा बढीको सामान दिन संस्थान बाध्य हुने छैन।
- तोकीएको मिति भन्दा पछी प्राप्त हुन आएको आवेदन उपर कारबाही हुने छैन।
- नियुक्ती सम्बन्धी सम्पूर्ण अधिकार संस्थानसँग निहित रहनेछ।